कांग्रेस साँच्चै बदलिँदै छ वा नेतृत्व मात्रै बदलिँदैछ ?

✍ सन्दिप पराजुली

(३)

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २५८ ❑ २०८३ असोज २२ गते बिहीबार ❑ Thursday, 08 Oct. 2026 ❑ मूल्य ७ /-

कांग्रेस सभापतिमा गगन निर्विरोध

१५ औं महाधिवेशन अन्तर्गत अन्य पदको निर्वाचन आज हुने

✍ पूर्वसन्देश समाचार

दमक । नेपाली कांग्रेसको १५औं महाधिवेशन नेतृत्व चयनको निर्णायक चरणमा प्रवेश गरेसँगै पार्टीभित्र सहमतिको प्रयास तीव्र बनेको छ । सभापतिमा पदमा उम्मेदवारी दिएका किशोरसिंह राठौरले बुधबार उम्मेदवारी फिर्ता लिएपछि अब गगनकुमार थापाको बाटो खुल्ला भएको हो । दिनभरको प्रयासले गगन सभापतिमा निर्विरोध भए पनि औपचारिक घोषणा भने यो समाचार तयार पर्दासम्म भएको छैन । यसअघि वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध भइसकेका छन् । कांग्रेसले यसपटक विधान संशोधनमार्फत वरिष्ठ उपसभापतिको पद थप गरेको छ ।

सभापतिसँगै पदाधिकारी तहमा पनि उम्मेदवारी फिर्ताको क्रम देखिएको छ । कांग्रेसका प्रवक्ता देवराज चालिसेले खुलातर्फ उपसभापति पदको उम्मेदवारी फिर्ता लिएका छन् । यसअघि मिनेन्द्र रिजालले पनि उम्मेदवारी फिर्ता लिने निर्णय गरेका थिए । चालिसे र रिजालको उम्मेदवारी फिर्तापछि खुला उपसभापतिमा धनराज गुरूङ, फारमुल्लाह मन्सुर, जीवन परियार, विनोद चौधरी, दीपक गिरी, सुरेन्द्र पाण्डे, गोविन्द भट्टराई, मधु आचार्य, सीता गुरूङ, रञ्जित कर्ण र चन्द्रमोहन यादव प्रतिस्पर्धामा छन् ।

यसैगरी १९ निर्वाचित पदाधिकारीका लागि प्रारम्भिक रूपमा ७९ जनाको उम्मेदवारी परेको थियो । सभापति, वरिष्ठ उपसभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री र कोषाध्यक्ष पदमा निर्वाचन हुँदैछ ।

बुधबार कांग्रेसको बन्दसत्र भने वर्षा र हावाहुरीका कारण प्रभावित भयो । खुलामञ्चमा सञ्चालन भइरहेको बन्दसत्रमा मौसम खराब भएपछि प्रतिनिधिहरूलाई समस्या भएको थियो । बन्दसत्रमा राजनीतिक,

बाँकी ४ पेजमा ▸▸

प्रतिष्पर्धामा को-को ?

काठमाडौं । नेपाली कांग्रेसको १५औँ महाधिवेशनमा उम्मेदवारी फिर्ता र दाबी-विरोधको प्रक्रिया सकिँदै जाँदा पदाधिकारीतर्फको प्रतिस्पर्धा पनि स्पष्ट हुँदै गएको छ । सभापतिमा किशोरसिंह राठौर र श्यामकृष्ण खड्गीले उम्मेदवारी फिर्ता लिएपछि गगनकुमार थापा निर्विरोध हुने भएपछि सभापतिको निर्वाचनको च्याप्टर क्लोज भएको छ ।

वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध भएका छन् । खुला उपसभापतिका दुई पदका लागि चन्द्र भण्डारी, सुरेन्द्रराज पाण्डे, मधु आचार्य, धनराज गुरूङ,

दीपक गिरी, गोविन्द भट्टराई, चन्द्रमोहन यादव र देवराज चालिसेको उम्मेदवारी कायम रहेको छ । यसअघि उम्मेदवारी दिएका मिनेन्द्र रिजालले फिर्ता लिएका छन् ।

समावेशी उपसभापतिमा जीवन परियार, विनोद चौधरी, फरमुल्लाह मन्सुर, रञ्जित कर्ण र सीता गुरूङ प्रतिस्पर्धामा छन् ।

खुलातर्फका दुई महामन्त्री पदका लागि प्रदीप पौडेल, गुरूराज घिमिरे, उदयशमशेर राणा, नैनसिंह महर, सुनिल शर्मा, अमरसिंह पुन, शंकर तिवारी र

बाँकी ४ पेजमा ▸▸

राप्रपा कोशीको दोस्रो अधिवेशन

अध्यक्षमा थापा पुनः निर्वाचित

दमक / राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कोशी प्रदेशको दोस्रो महाधिवेशनको बन्दसत्रमा भएको निर्वाचनबाट अध्यक्षमा रामकुमार थापा पुनः निर्वाचित भएका छन् । बुधबार दमकस्थित कस्मिक पार्टी प्यालेसमा भएको सो अधिवेशनको निर्वाचन प्रक्रियामा अध्यक्षका प्रत्यासी थापासहित दुर्गा बस्नेत र विश्वमोहन थापा चुनावी प्रतिष्पर्धामा थिए । निर्वाचनमा थापाले २ सय ७० मत, बस्नेतले २ सय ३१ मत र विश्व मोहनले ४१ मत प्राप्त गरेका छन । थापाले बस्नेतलाई ३९ मतले पछि पार्दै विजयी हासिल गरेका हुन् । सो अधिवेशनमा कुल ५ सय ४८ प्रतिनिधि सहभागी थिए । तीमध्ये ५ सय ४४ जनाले मतदान गरेका थिए । मतदानका क्रममा ६ मत बदर भएको थियो । अन्य पदाधिकारी नतिजा भने यो समाचार तयार पर्दासम्म सार्वजनिक गरिएको छैन ।

यसैबीच खुल्ला सत्रमा अध्यक्षता गरेका थापाले राजनीतिक तथा सांगठनिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सो प्रतिवेदनमा सुदृढीकरण, आगामी निर्वाचनको तयारी र पार्टीका मूल राजनीतिक एजेन्डालाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ । सो प्रतिवेदनमा विगतका कमजोरीको समीक्षा गर्दै संगठनलाई थप एकताबद्ध, अनुशासित र जनमुखी बनाउने आवश्यकता औंल्याइएको छ । प्रतिवेदनमा पार्टी विभाजन, आन्तरिक मतभेद, निर्वाचनमा प्राप्त परिणाम, संगठनका तह नियमित रूपमा परिचालित हुन नसक्नु, निर्णय तथा निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन नहुनु र जिम्मेवारीअनुसारको समन्वयको कमीलाई पार्टीले आत्मसमीक्षा गर्नुपर्ने विषयका रूपमा उल्लेख गरिएको छ ।

कोशी प्रदेशका १४ वटै जिल्लामा संगठन विस्तारलाई प्राथमिकता दिँदै तेस्रो अधिवेशनसम्म ५० हजार सक्रिय सदस्य बनाउने लक्ष्य राखिएको छ । आगामी स्थानीय निर्वाचनलाई लक्षित गर्दै प्रत्येक जिल्ला, पालिका र वडाको संगठनात्मक अवस्था तथा स्थानीय जनअपेक्षाका आधारमा निर्वाचन रणनीति बनाउने प्रतिवेदनमा उल्लेख छ । प्रत्येक वडामा कम्तीमा एक जनप्रतिनिधि तथा सक्रिय संगठन निर्माण गर्ने लक्ष्यसमेत अघि सारिएको छ ।

अधिवेशनले संवैधानिक राजसंस्थाको

बाँकी ४ पेजमा ▸▸

रास्वपाको "हामी आउँदैछौं" अभियान सुरू

दमक/ सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को हामी आउँदैछौँ' भन्ने एकहप्ते अभियान सुरू गरेको छ ।

यही असोज २७ गतेसम्म सञ्चालन हुने उक्त अभियानमा पार्टीका केन्द्रीय प्रतिनिधिका रूपमा सांसदत्रय जगदीश खरेल, गणेश कार्की र कुसुम महर्जन खटिएका छन् ।

त्यस अभियानको बनेपामा उद्घाटन गर्दै सांसद महर्जनले अभियानमा सरिक भई आ ना समस्या र गुनासा राख्न स्थानीय नागरिकसँग आग्रह गरे।

उनले भने, 'अभियानमा उपस्थित भई तपाईंहरूले गुनासा, समस्या तथा विकास निर्माणका विषयमा सुझाव राख्न सक्नुहुन्छ, नभ्याए लिखितरूपमा पनि दिनुस् ।'

अभियानअन्तर्गत जिल्लाका १३ वटै स्थानीय तहमा पुगेर जनतासँग प्रत्यक्ष संवाद, स्थानीय समस्या तथा जनगुनासो संकलन र पार्टीको राजनीतिक अभियानलाई जनस्तरसम्म पुऱ्याउने कार्यक्रम रहेको जनाइएको छ ।

पार्टीको केन्द्रीय समितिद्वारा परिचालित प्रतिनिधिले आलोपालो जिल्ला तथा स्थानीय नेता कार्यकर्तासँगको समन्वयमा विभिन्न नगर तथा गाउँपालिकामा नागरिक, कार्यकर्ता तथा सरोकारवालासँग भेटघाट गर्नेछन् । त्यसका लागि स्थान र समय तालिकासमेत सार्वजनिक गरिएको छ ।

अभियानबाट स्थानीय तहका समस्या बुझ्ने, जनताका अपेक्षा सुन्ने र पार्टीका आगामी राजनीतिक यात्राका लागि आधार तयार गर्ने उद्देश्य रहेको रास्वपाका जिल्ला सभापति प्रवीणकुमार ढकालले बताए ।

उनका अनुसार अभियानलाई केवल राजनीतिक भेटघाटमा मात्रै सीमित नराखी

बाँकी ४ पेजमा ▸▸

कोशीमा बालश्रम निवारणमा पालिकालाई पाँच लाख अनुदान

दमक/ कोशी प्रदेशका २४ वटा पालिकाले बालश्रममुक्त घोषण गर्न आवश्यक कार्यक्रम, अनुगमन र पहिचानका कार्यक्रम अघि बढाएका छन् ।

संघीय सरकारले त्यसका लागि पहिलो चरणमा रू तीन लाख र घोषणा भइसकेपछि आवश्यक कार्यक्रम तर्जुमा गर्न थप रू दुई लाख अनुदान उपलब्ध गराउने भएको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयद्वारा आयोजित 'बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरू योजना तर्जुमा सुझाव कार्यक्रम समापनका अवसरमा सो व्यवस्थाअनुरूप सबै पालिकालाई पहिलो चरणको अनुदान उपलब्ध गराइ सकिएको जानकारी दिइयो ।

सो अवसरमा देशभरमा करिब २१ लाखभन्दा बढी बालबालिका जोखिममा रहेकामा हालसम्म १४ वटा पालिकाले मात्र बालश्रममुक्त घोषणा गरेको जानकारी दिइयो। कार्यक्रममा मन्त्रालयका सचिव डा. दीपक का लेले बालश्रममुक्तको विषय राष्ट्रको प्रतिष्ठासँग जोडिएकाले यसको व्यवहारिक कार्यान्वयनमा पालिकाहरूले जोड दिनुपर्ने आवश्यकता औंल्याए ।

समृद्ध राष्ट्र निर्माणका लागि समाज बालश्रममुक्त हुन जरूरी रहेको बताउँदै उनले स्थानीय तहको त्यस कार्यमा पूर्ण साथ र सहयोगको अपेक्षा गरिएको धारणा व्यक्त गरे ।

मन्त्रालयका उपसचिव जीतेन्द्रप्रसाद शर्माले बालश्रम सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र स्थानीय तहको भूमिका तथा अन्तरराष्ट्रिय श्रम संगठनका कार्यक्रम अधिकृत नारायण

बाँकी ४ पेजमा ▸▸

अब एलपी ग्यास सिलिन्डर एउटै ब्राण्डमा

दमक/ धेरै ब्रान्डका ग्यास सिलिन्डर हुँदा साटफेर गर्न सास्ती खेपेको उपभोक्ताको गुनासो सम्बोधन गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले देशभर एउटै ब्रान्डमा मात्रै सिलिन्डर उपलब्ध गराउने नीतिगत निर्णय भएको छ । अहिले देशभर सञ्चालित ५८ उद्योगले ५८ वटै ब्रान्डमा ग्यास सिलिन्डरको बजारीकरण गरिरहेका छन् ।

बजारमा धेरै ब्रान्डका सिलिन्डर हुँदा आपूर्ति व्यवस्था चुस्त बनाउन कठिन भएको र उपभोक्ताले समेत

बाँकी ४ पेजमा ▸▸

चोलेन्द्रको घरमा सम्पत्ति शुद्धीकरणको छापा

दमक/ पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा र उनका निकटका केही व्यक्ति र नातेदारको घरमा सम्पत्ति शुद्धीकरण विभागले छापा मारेको छ । स्रोतका अुनसार, सम्पत्ति शुद्धीकरणको टोली पुगेर पूर्वप्रधानन्यायाधीश जबराको घर र उनका निकटको घरमा छापा मार्ने काम भइरहेको छ ।

केही दिनअघि मात्रै काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले चोलेन्द्रलाई उनकै घरबाट मध्यराति घण्टासम्म नियन्त्रणमा लिएर छाडेको थियो ।

दसैं मनाउन घर फर्किंदै नेपाली

दमक/ दसैँ, तिहार नजिकिएसँगै रोजगारीका लागि भारतका विभिन्न सहर पुगेका नेपाली स्वदेश फर्किन थालेका छन् । भारतका नयाँ दिल्ली, मुम्बई, हिमाचल प्रदेश, सिम्ला, कुल्लुलगायत विभिन्न सहरमा रोजगारी गर्दै आएका नेपाली परिवार तथा आफन्तसँग चाडपर्व मनाउन नेपाल फर्किन थालेपछि नेपालगञ्जस्थित जमुनाहा नाकामा यात्रुको चाप बढेको छ ।

बाँकी ४ पेजमा ▸▸

दसैंमा सय रुपैयाँका नोट निकाल्न नयाँ व्यवस्था

दमक / विगतका वर्षमा दसैंमा साना दरका नयाँ नोट साट्न नेपाल राष्ट्र बैंक तथा बैंकका शाखामा लामो लाइन लाग्ने गरेकोमा यसपटक भने रू. १०० दरका नोट एटीएमबाटै उपलब्ध गराउने व्यवस्था अघि बढाइएको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई प्राविधिक रूपमा सम्भव हुने एटीएमबाट रू. १०० दरका नोट उपलब्ध गराउन निर्देशन दिएको हो ।

राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभागले भदौ २९ गते बैंक तथा वित्तीय संस्थालाई पत्राचार गर्दै एटीएमबाट रू. १०० दरका नोट निकाल्न सकिने व्यवस्था मिलाउन आग्रह गरेको थियो । त्यसपछि केही बैंकले नयाँ प्रविधियुक्त एटीएममा रू. १०० दरका नोट राखेर वितरण सुरू गरेका छन् ।

यद्यपि, सबै एटीएमबाट रू. १०० का नोट पाइने अवस्था भने छैन । एटीएमको क्यासेट क्षमता, प्राविधिक संरचना तथा बैंकको प्रणालीअनुसार मात्र यस्तो सुविधा सञ्चालन गर्न सकिन्छ । राष्ट्र बैंकका अनुसार नेपालमा सञ्चालनमा रहेका ५ हजारभन्दा बढी एटीएममध्ये प्राविधिक रूपमा सम्भव र सहयोग गर्ने मेसिनबाट यस्तो सुविधा उपलब्ध गराउने तयारी गरिएको हो ।

यसले विगतमा रू. १०० का नोट साट्न बैंक काउन्टरमा लाग्ने भीड केही कम गर्न सक्ने अपेक्षा गरिएको छ । तर एटीएम नचलाउने सर्वसाधारण वा आ नो नजिकको एटीएममा रू. १०० का नोट उपलब्ध नभएका ग्राहकका लागि काउन्टरको विकल्प भने कायमै छ ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरूप्रसाद पौडेलका अनुसार असोज १ गतेदेखि

बाँकी ४ पेजमा ▸▸

ARAMBHA COMPUTER
Damak, Jhapa

आरम्भ कम्प्युटर प्रा. लि.

दमक ६ भिसि मार्केट (मेनरोड)

के तपाई ल्यापटप कम्प्युटर प्रिन्ट सिसि टिभि फ्रिज वासिङ्ग मिसिन एसि किन्ने सोचमा हुनु हुन्छ वा बिगेर हौरान हुनुहुन्छ ?

समाधानको लागि हामीलाई सम्झनुहोस् !

हाम्रा सेवाहरू

ल्यापटप | कम्प्युटर | प्रिन्टर | CCTV | फ्रिज | वासिङ्ग मिसिन | ए.सी.

गुणस्तरीय सामान | द्रुत तथा भरपर्दो मर्मत सेवा | वारेन्टी सहितको सेवा | अनुभवी प्राविधिक द्वारा सेवा

सम्पर्क गर्नुहोस् आजै !
०२३-५७६२४६
९८५२६७६२४६

प्रविधिसम्बन्धी सम्पूर्ण समाधानका लागि आजै सम्पर्क गर्नुहोस् ।

सम्पादकीय

दशैंको यात्रा र सुरक्षाको जिम्मेवारी

दशैंले मुलुकलाई छोपिसकेको छ । घरवाहिर बसेकाहरू घर फर्किने क्रम तीव्र हुँदै जाँदा सडकमा यात्रुको चाप बढेको छ । वर्षभरि टाढिएका परिवारलाई भेट्न घर फर्किने यो समय नेपालीका लागि उत्सव मात्र होइन, ठूलो यात्रा पनि हो । तर यही यात्रामा हुने दुर्घटना, बढी भाडा असुली, क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृत्ति, यात्रुमाथिको दुर्व्यवहार तथा चोरी-ठगीका घटनाले हरेक वर्ष यात्रुको सुरक्षामाथि प्रश्न उठाउने गरेका छन् । त्यसैले चाडपर्वको यात्रालाई सुरक्षित र व्यवस्थित बनाउनु सुरक्षा संयन्त्रका लागि नियमित कामभन्दा बढी जिम्मेवारीको विषय हो ।

झापामा भने चाडपर्व लक्षित सुरक्षा व्यवस्थाअन्तर्गत जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको समन्वयमा विभिन्न स्थानमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ । काँकडभिट्टा, धुलाबारी, चारआली, बुधबारे, भ्रपुर, अर्जुनधारा, बिर्तामोड, कनकाई, दमक र गौरीगञ्जलगायतका स्थानमा स्थापना गरिएका सहायता कक्षले यात्रुलाई समस्या परेका बेला तत्काल सहयोग र समन्वय गर्ने उद्देश्य राखेका छन् । यात्रुका लागि यस्ता संयन्त्र स्थापना हुनु सकारात्मक भए पनि तिनको प्रभावकारिता कागजमा होइन, यात्रुले प्रत्यक्ष महसुस गर्ने गरी देखिन आवश्यक छ ।

प्रहरीले टिकट लिएर मात्र यात्रा गर्न, टिकट सुरक्षित राख्न तथा बढी भाडा लिने, यात्रुमाथि दुर्व्यवहार गर्ने वा सवारीसाधनले क्षमताभन्दा बढी यात्रु बोक्ने अवस्था देखिए तत्काल जानकारी दिन आग्रह गरेको छ । जोखिमपूर्ण रुपमा सवारी चलाउने चालक र सार्वजनिक यातायातमा हुने अनियमिततामाथि पनि निगरानी बढाउने भनिएको छ । तर यात्रु सहायता कक्ष राख्दैमा मात्रै समस्या समाधान हुँदैन । टिकटको मूल्य, सवारीको क्षमता, चालकको अवस्था र सडकको अवस्थाको नियमित अनुगमनसँगै गल्ती गर्ने व्यक्ति वा व्यवसायीमाथि तत्काल कारबाही हुनुपर्छ ।

दशैंको भीडमा यात्रुको असुरक्षा सडकमा मात्र सीमित हुँदैन । बसपार्क, भीडभाड हुने स्थान र लामो दूरीका यात्रामा चोरी, ठगी तथा अपरिचित व्यक्तिबाट हुने जोखिम पनि उत्तिकै हुन्छ । प्रहरीले अपरिचित व्यक्तिले दिएको खानेकुरा वा पेय पदार्थ नलिन आग्रह गर्नुले यात्रुको व्यक्तिगत सतर्कताको महत्व पनि देखाउँछ । यात्रु स्वयं सचेत हुनु आवश्यक छ, तर सुरक्षाको सम्पूर्ण भार यात्रुमाथि छाड्न मिल्दैन । राज्यका सुरक्षा र नियमनकारी निकायले सम्भावित जोखिम पहिचान गरेर त्यसअघि नै रोकथामको व्यवस्था गर्नुपर्छ ।

दशैंमा घर फर्किने यात्रुको संख्या हरेक वर्ष ठूलो हुने भएकाले यो समय सार्वजनिक यातायातको नियमित क्षमताभन्दा धेरै दबाब पर्ने समय हो । यस्तो अवस्थामा अस्थायी सवारी थप्ने, रूट व्यवस्थापन गर्ने, चालकको स्वास्थ्य तथा सवारीको प्राविधिक अवस्था जाँच गर्ने र सडकमा ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउने काम समानान्तर रुपमा अघि बढाउनुपर्छ । दुर्घटना भएपछि उद्धार गर्नेभन्दा दुर्घटना हुन नदिने रणनीति प्रभावकारी हुन्छ ।

झापामा यात्रु सहायता कक्ष स्थापना हुनु आवश्यक सुरूआत हो । अब यसको वास्तविक परीक्षा यात्रुले गुनासो गर्दा कति छिटो सुनुवाइ हुन्छ, बढी भाडा लिने र क्षमताभन्दा बढी यात्रु बोक्नेलाई कति तत्काल कारबाही हुन्छ तथा जोखिमपूर्ण यात्रालाई प्रहरीले कति प्रभावकारी रुपमा नियन्त्रण गर्छ भन्नेमा हुनेछ । दशैं परिवारसँग पुनर्मिलनको पर्व होह्य घर फर्किने यात्रु सुरक्षित रुपमा गन्तव्यमा पुग्ने वातावरण बनाउन सुरक्षा निकाय, यातायात व्यवसायी र स्वयं यात्रु सबैको समान जिम्मेवारी छ । चाडपर्वको उल्लासलाई दुर्घटना र असुरक्षाको पीडामा बदलिन नदिन राज्यको निगरानी र यात्रुको सावधानी दुवै उत्तिकै आवश्यक छन् ।

सामाजिक सञ्जाल

योगेशको चेतावनी- मकैको खेती सुरु हुन्छ, त्यसपछि के हुन्छ ?

दमक/ नेकपा एमालेका उपमहासचिव योगेश भट्टराईले पार्टी नेतृत्वलाई प्रश्न गरे कारबाही भोग्न तयार हुनुपर्ने पार्टी निर्देशनलाई 'मकै पर्व'सँग तुलना गर्दै नेतृत्वलाई कृष्णलाल अधिकारीहरू जन्मने चेतावनी दिएका छन् । बुधबार सामाजिक सञ्जालमार्फत नेता भट्टराईले सत्ता र शक्तिवालाहरू, आफै कानुनको धज्जी उडाउने, कानुन उल्लङ्घन गर्ने तर अरूलाई कानुन पालना गर्न उर्दी जारी गर्ने गर्छन् भन्दै त्यसपछि कृष्णलाल अधिकारीहरू जन्मने बताएका हुन् ।

भट्टराईले विम्बका रूपमा प्रश्न गर्दै नेतृत्वलाई भनेका छन्, 'सत्ता र शक्तिवालाहरू,आफू कानुनको धज्जी उडाउँछन, कानुन उल्लङ्घन गर्छन्, अनि अरूलाई कानुन पालना गर्न उर्दी जारी गर्छन्, तब कृष्णलाल अधिकारीहरू जन्मन्छन् र मकैको खेती सुरु हुन्छ, त्यसपछि के हुन्छ ?'

स्मरण रहोस् कृष्णलाल अधिकारीले लेखेको मकैको खेती नामक पुस्तक तत्कालीन राणा शासन ढाल्ने सुत्राधारका रूपमा चिनिन्छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले अपानी ३ जारी गर्दै पार्टी नेतृत्वमाथि प्रश्न वा आलोचना गरे कारबाही गर्ने चेतावनी दिएका थिए ।

कांग्रेस साँच्चै बदलिँदै छ वा नेतृत्व मात्रै बदलिँदैछ ?



✍ सन्दिप पराजुली

नेपाली कांग्रेसको विशेष महाधिवेशनपछि पार्टीभित्र नयाँ राजनीतिक आशा जन्मिएको थियो । लामो समयदेखि उठ्दै आएको नेतृत्व परिवर्तन, पुस्तान्तरण, युवा ऊर्जा र नयाँ राजनीतिक संस्कारको बहसले अब व्यवहारमै नयाँ दिशा लिने अपेक्षा गरिएको थियो । पुरानो नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै अगाडि आएको नयाँ नेतृत्वले कांग्रेसलाई नयाँ सोच र नयाँ शैलीसहित अघि बढाउने विश्वास पनि दिलाएको थियो ।

त्यसैले विशेष महाधिवेशनपछि सुरु भएको १५औँ महाधिवेशनको प्रक्रिया कांग्रेसका लागि केवल नियमित संगठनात्मक प्रक्रिया थिएन । यो नयाँ नेतृत्वले आफूलाई कसरी प्रमाणित गर्छ भन्ने पहिलो ठुलो परीक्षा पनि थियो । तर वडा तहदेखि क्षेत्रीय अधिवेशनसम्म आइपुग्दा देखिएका केही विवाद, गुनासा र प्रक्रियागत प्रश्नले फेरि एउटा पुरानै प्रश्न उठाएको छ- कांग्रेस साँच्चै बदलिँदैछ कि नेतृत्व र अनुहार मात्र बदलिएको हो ?

अहिले नै निष्कर्ष निकाल्नु हतार हुनेछ । नयाँ नेतृत्वलाई शङ्काको सुविधा दिनुपर्छ । तर लोकतान्त्रिक पार्टीमा प्रश्न उठाउने अधिकार पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । कांग्रेसको लोकतान्त्रिक चरित्र भाषणले होइन, उसले आफ्नै संगठनभित्र गर्ने अभ्यासले प्रमाणित गर्ने हो ।

कांग्रेस २.० को अर्थ

'कांग्रेस २.०' भन्ने अवधारणा आकर्षक छ । तर यसको अर्थ नयाँ पुस्ताका केही व्यक्तिलाई नेतृत्वमा ल्याउनु मात्र होइन । वास्तविक पुस्तान्तरण भनेको सोचको पुस्तान्तरण हो । निर्णय गर्ने शैलीको पुस्तान्तरण हो । संगठन सञ्चालन गर्ने संस्कारको पुस्तान्तरण हो । कार्यकर्तालाई हेर्ने दृष्टिकोणको परिवर्तन हो ।

यदि पुरानो नेतृत्वले गरेको भनिएको गल्तीको आलोचना गरेर नयाँ नेतृत्व सत्तामा पुग्छ, तर त्यसपछि उसैले उही गुटगत शैली अपनाउँछ, आफ्ना निकटस्थलाई प्राथमिकता दिन्छ, असहमतिलाई असहज ठान्छ र संगठनात्मक प्रक्रियालाई आफ्नो अनुकूल व्यवस्थापन गर्न खोज्छ भने अनुहार नयाँ भएपनि राजनीतिक संस्कार पुरानै रहन्छ ।

त्यसैले कांग्रेस २.० को पहिलो परीक्षा कति नयाँ अनुहार आए भन्ने होइन, कति नयाँ राजनीतिक संस्कार आयो भन्ने हो ।

क्रियाशील सदस्यता: लोकतन्त्रको आधारभूत प्रश्न

कांग्रेसको आन्तरिक लोकतन्त्रको पहिलो आधार क्रियाशील सदस्यता हो । कसले पार्टीको निर्वाचनमा मतदान गर्न पाउने, को प्रतिनिधि बन्न पाउने र संगठनको निर्णय प्रक्रियामा कसको सहभागिता हुने भन्ने आधार नै क्रियाशील सदस्यता हो ।

त्यसैले क्रियाशील सदस्यताको प्रक्रिया पारदर्शी हुनु अत्यन्त आवश्यक छ । यसपटक पनि क्रियाशील सदस्यताको सूचीलाई लिएर विभिन्न तहमा प्रश्न र गुनासा उठेका छन् । कतिपय ठाउँमा अधिवेशनको अन्तिम समयसम्म सदस्यताको विवरण स्पष्ट नभएको, अन्तिम समयमा सूची सार्वजनिक भएको वा प्रतिनिधित्वको विषयमा विवाद भएको गुनासो सुनिएको छ ।

यी सबै गुनासा प्रमाणित भइसकेका छन् भनेर निष्कर्ष निकाल्नु उचित हुँदैन । तर लोकतान्त्रिक पार्टीले यस्ता प्रश्नलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ । किनकि निर्वाचनको दिन कसले मतदान गर्न पाउने भन्ने कुरा नै अन्तिम समयमा मात्र स्पष्ट भयो भने त्यसले निर्वाचनको निष्पक्षतामाथि स्वाभाविक प्रश्न उठाउँछ । क्रियाशील सदस्यताको सूची कुनै गुटको राजनीतिक शक्ति व्यवस्थापन गर्ने साधन होइन । यो पार्टीको आन्तरिक लोकतन्त्रको आधार हो ।

सहमति वा प्रतिस्पर्धाको नियन्त्रण ?

सहमति लोकतन्त्रको सुन्दर पक्ष हो । एउटै पार्टीभित्र अनावश्यक प्रतिस्पर्धा घटाएर सहमतिबाट नेतृत्व चयन गर्न सकियो भने त्यसले संगठनलाई बलियो बनाउन सक्छ । तर सहमति र नियन्त्रणबिचको सीमा स्पष्ट हुनुपर्छ ।

खुला छलफल, सबै पक्षको सहभागिता र स्वैच्छिक सहमतिबाट बनेको नेतृत्व लोकतान्त्रिक हुन्छ । तर प्रतिस्पर्धाको वातावरण कमजोर बनाएर, अन्तिम समयमा प्रक्रिया प्रभावित पारेर तथा त्यसैलाई 'सहमति' भनियो भने प्रश्न उठ्नु स्वाभाविक हुन्छ ।

अहिले विभिन्न जिल्लाबाट आएका गुनासाले कांग्रेसभित्र यो विषयमा थप पारदर्शिता आवश्यक रहेको देखाउँछन् । विशेषगरी अधिवेशनको केही घण्टा अगाडिसम्म क्रियाशील सदस्यताको विवरण रोकिएको वा अन्तिम समयमा सार्वजनिक भएको भन्ने गुनासा छन् भने पार्टी नेतृत्वले त्यसको जवाफ दिनुपर्छ ।

किनभने लोकतन्त्रमा सहमति खोज्न पाइन्छ, तर सहमतिको नाममा प्रतिस्पर्धाको अधिकार सीमित गर्न पाइँदैन ।

कांग्रेसभित्र अहिले अर्को संवेदनशील प्रश्न पनि उठेको छ । कुनै व्यक्ति कांग्रेस छाडेर अर्को राजनीतिक दलमा गयो, त्यही दलको चुनाव चिह्नबाट निर्वाचन जित्यो र पछि पुन: कांग्रेसमा फर्कियो भने उसको सदस्यता र आन्तरिक निर्वाचनमा मतदान अधिकारको मापदण्ड के हुने ?

विशेषगरी 'घण्टी' चुनाव चिह्नबाट निर्वाचित भएका जनप्रतिनिधिको हकमा यो प्रश्न थप चर्चामा छ । यो व्यक्ति विशेषको विरोध वा समर्थनको विषय होइन । प्रश्न केवल नियम र मापदण्डको समान प्रयोग हो । यदि कांग्रेसको विधानअनुसार कुनै व्यक्ति पुन: पार्टी सदस्य बन्न सक्छ भने त्यसको स्पष्ट प्रक्रिया हुनुपर्छ । तर त्यो प्रक्रिया सबैका लागि समान हुनुपर्छ ।

आज एउटै राजनीतिक पृष्ठभूमि भएको व्यक्तिलाई एउटा मापदण्ड र अर्को व्यक्तिलाई अर्को मापदण्ड लागू गरियो भने त्यसले संगठनभित्र विश्वास कमजोर पार्न सक्छ । लोकतान्त्रिक पार्टीमा नियम व्यक्तिको राजनीतिक उपयोगिता, गुटगत सम्बन्ध वा तत्कालीन आवश्यकताअनुसार बदलिनु हुँदैन । कांग्रेसले यस विषयमा स्पष्ट नीति र मापदण्ड सार्वजनिक गर्नु आवश्यक छ ।

युवामा ऊर्जा र अनुभवको संयोजन

कांग्रेसमा पुस्तान्तरणको बहस स्वाभाविक हो । नयाँ पुस्ताले नयाँ प्रश्न उठाउँछ । नयाँ पुस्ताले बदलिएको समाज, प्रविधि, रोजगारी, अर्थतन्त्र र राजनीतिक अपेक्षालाई फरक ढंगले बुझ्छ । तर युवा हुनु मात्र राजनीतिक योग्यता भने होइन ।

युवासँग ऊर्जा चाहिन्छ, तर ऊर्जासँग अनुभवको संयोजन पनि मिसिएको हुनुपर्छ । नयाँ सोच चाहिन्छ, तर संगठन बुझ्ने क्षमता पनि चाहिन्छ । परिवर्तनको इच्छा चाहिन्छ, तर लोकतान्त्रिक धैर्य पनि चाहिन्छ । त्यसैले पुस्तान्तरण भनेको पुरानो पुस्तालाई विस्थापित गरेर नयाँ पुस्तालाई स्थापित गर्नु मात्र होइन ।

अनुभव र ऊर्जाको संयोजन नै वास्तविक पुस्तान्तरण हो । कांग्रेसको पुरानो पुस्ताले लोकतन्त्रका लागि लामो संघर्ष गरेको छ । नयाँ पुस्तासँग बदलिँदो समयको नयाँ सोच छ । यी दुईलाई प्रतिस्पर्धी होइन, सहयात्री बनाउने राजनीतिक संस्कार आवश्यक छ । त्यसैले नयाँ नेतृत्वले पुराना पुस्ताको योगदानलाई अस्वीकार गर्नुपर्ने आवश्यकता छैन । त्यस्तै पुरानो पुस्ताले नयाँ पुस्ताको आकांक्षालाई रोक्ने प्रयास गर्नु पनि संगठनका लागि दीर्घकालीन समाधान होइन ।

प्यानलरहित निर्वाचनको वास्तविक परीक्षा

नयाँ कांग्रेसको अर्को महत्त्वपूर्ण दाबी आन्तरिक निर्वाचनलाई बढी स्वतन्त्र र प्रतिस्पर्धात्मक बनाउने हो । यदि औपचारिक प्यानलभन्दा माथि उठेर प्रतिनिधिलाई आफ्नो विवेकअनुसार उम्मेदवार छनोट गर्ने वातावरण बनाइन्छ भने त्यो आन्तरिक लोकतन्त्रका लागि सकारात्मक अभ्यास हुन सक्छ ।

तर औपचारिक प्यानल नबनाउँदैमा अनौपचारिक गुट समाप्त हुँदैनन् । वास्तविक प्रश्न यो हो- एउटा प्रतिनिधिले कुनै दबाबबिना आफूले चाहेको उम्मेदवारलाई मतदान गर्न सक्छ कि सक्दैन ? कुनै उम्मेदवारलाई समर्थन गर्दा उसको राजनीतिक भविष्यबारे डराउनुपर्ने अवस्था छ कि छैन ? असहमति राख्ने कार्यकर्ताले पनि संगठनभित्र समान अवसर पाउँछ कि पाउँदैन ?

यिनै प्रश्नको उत्तरले कांग्रेसको आन्तरिक लोकतन्त्रको स्तर निर्धारण गर्नेछ । अब कांग्रेसले आफैँलाई सोध्नुपर्ने प्रश्न वडा तहदेखि क्षेत्रीय अधिवेशनसम्म आइपुग्दा कांग्रेसले केही प्रश्नको सामना गर्नैपर्छ । क्रियाशील सदस्यताको प्रक्रिया कति पारदर्शी भयो ? मतदाता सूची समयमै सार्वजनिक भयो ? सबै उम्मेदवारले समान अवसर पाए ? सहमति वास्तविक थियो कि प्रतिस्पर्धाको विकल्प ? असहमति राख्ने कार्यकर्ताले पनि समान अधिकार पाए ? अन्य दलबाट कांग्रेसमा फर्किएका व्यक्तिका लागि समान मापदण्ड लागू भयो ? र सबैभन्दा महत्त्वपूर्ण प्रश्न- कांग्रेसभित्रको निर्वाचन वास्तवमै स्वतन्त्र र निष्पक्ष भयो ? यी प्रश्नको जवाफ नेतृत्वको भाषणले होइन, संगठनको व्यवहारले दिनुपर्छ ।

बद्लिएको कांग्रेस कि पुरानै कांग्रेस ?

नेपाली कांग्रेस आज महत्त्वपूर्ण मोडमा उभिएको छ । विशेष महाधिवेशनले नेतृत्व परिवर्तनको बाटो खोल्यो । त्यसपछि १५औँ महाधिवेशनले त्यो परिवर्तनलाई संस्थागत गर्ने अवसर दिएको छ । अब चुनौती नयाँ नेतृत्वका लागि केवल अर्को निर्वाचन जित्नु होइन । चुनौती भनेको पार्टीको राजनीतिक संस्कार परिवर्तन गर्नु हो ।

यदि क्रियाशील सदस्यता पारदर्शी हुन्छ, निर्वाचन प्रक्रिया खुला हुन्छ, असहमतिलाई सम्मान गरिन्छ, गुटभन्दा संस्था बलियो हुन्छ र योग्य व्यक्तिले अवसर पाउँछ भने त्यसलाई कांग्रेसको वास्तविक रूपान्तरणतर्फको कदम भन्न सकिन्छ । तर अनुहार फेरिएर पनि पुरानै शैली दोहोरियो भने स्वाभाविक रूपमा प्रश्न उठ्नेछ- परिवर्तन कहाँ भयो ?

अहिले कांग्रेसलाई फैसला सुनाउनेभन्दा पनि उसलाई हेर्ने, प्रश्न गर्ने र व्यवहारका आधारमा मूल्याङ्कन गर्ने समय हो यो । किनभने कांग्रेसको भविष्य केवल कांग्रेसका नेता-कार्यकर्ताको विषय होइन । नेपालको लोकतान्त्रिक संस्थाको भविष्यसँग पनि यसको सम्बन्ध गाँसिएको छ ।

कांग्रेसको इतिहास लोकतन्त्रका लागि सङ्घर्षको इतिहास हो । त्यसैले लोकतन्त्रको सबैभन्दा ठुलो परीक्षा उसले अरूलाई दिने भाषणमा होइन, आफ्नै संगठनभित्र आफ्ना कार्यकर्तालाई दिने अधिकारमा हुन्छ । व्यक्ति बदलिनु परिवर्तनको सुरुवात हुन सक्छ, तर पर्याप्त प्रमाण होइन ।

सोच बदलिनुपर्छ । निर्णय गर्ने शैली बदलिनुपर्छ । संगठन सञ्चालनको संस्कार बदलिनुपर्छ । कार्यकर्तालाई हेर्ने दृष्टिकोण बदलिनुपर्छ । त्यसपछि मात्र कांग्रेसमा नेतृत्व मात्र होइन, राजनीतिक संस्कार पनि बदलिएको मान्न सकिन्छ ।

त्यसैले आजको मूल प्रश्न यही हो- कांग्रेस साँच्चै बदलिँदैछ वा नेतृत्व मात्रै बदलिँदैछ ? यसको उत्तर भाषणले होइन, वडा अधिवेशनदेखि महाधिवेशनसम्म देखिने व्यवहारले दिनेछ ।

बाढीका कारण नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशतमा झर्ने

दमक/ भदौ १० को विनाशकारी बाढीका कारण उद्योग तथा सेवा क्षेत्रमा परेको असरले नेपालको आर्थिक वृद्धिदर चालु आर्थिक वर्ष २०८३/८४ मा ३.७ प्रतिशतमा सीमित हुने विश्व बैंकले प्रक्षेपण गरेको छ । बाढीबाट जलविद्युत्, ऊर्जा, यातायात तथा अन्य पूर्वाधारमा भएको क्षतिले उत्पादन र आर्थिक गतिविधिमा अवरोध पुऱ्याउने भएकाले वृद्धिदर सुस्त हुने बैंकको अनुमान छ ।

विश्व बैंकले मंगलबार सार्वजनिक गरेको 'भविष्यका लागि फरक ढंगले पुनर्निर्माण' प्रतिवेदनमा पुनर्निर्माण र पुनर्स्थापनाका गतिविधि बढेसँगै आर्थिक गतिविधि विस्तार हुने र आगामी आर्थिक वर्ष २०८४/८५ मा नेपालको आर्थिक वृद्धिदर ५.२ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ ।

बाढीबाट उद्योग क्षेत्र सबैभन्दा बढी प्रभावित हुने विश्व बैंकको आकलन छ । जलविद्युत्, सौर्य ऊर्जा, विद्युत् प्रसारण र यातायात पूर्वाधारमा पुगेको क्षतिले विद्युत् उत्पादन, औद्योगिक गतिविधि र वस्तु आवागमनमा असर गर्ने प्रतिवेदनमा उल्लेख छ । व्यापार, यातायात, पर्यटन तथा वित्तीय गतिविधिमा आएको अवरोधका कारण सेवा क्षेत्रसमेत प्रभावित हुने जनाइएको छ ।

कृषि क्षेत्रमा भएको क्षतिको समग्र आर्थिक वृद्धिमा प्रभाव तुलनात्मक रूपमा सीमित रहने भए पनि प्रभावित क्षेत्रका नागरिकको आयआर्जन र जीविकोपार्जनमा भने उल्लेखनीय असर पर्न सक्ने विश्व बैंकले जनाएको छ ।

विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि डिभिजन निर्देशक डेभिड सिस्लेनले बाढीबाट भएको क्षतिलाई पुनर्निर्माणसँगै पूर्वाधारको दीर्घकालीन पुनरावलोकन गर्ने अवसरका रूपमा लिनुपर्ने बताए । सडक तथा सञ्चार सञ्जाल, ऊर्जा, खानेपानी तथा सरसफाइ, स्वास्थ्य र शिक्षाका पूर्वाधारलाई जलवायु परिवर्तन तथा बढ्दो विपद् जोखिमअनुकूल बनाउनुपर्ने उनको भनाइ छ ।

विश्व बैंकले नेपाललाई क्षतिग्रस्त संरचना पुरानै स्वरूपमा पुनर्निर्माण गर्नेभन्दा बहुविपद् जोखिमको नयाँ मूल्यांकनका आधारमा पूर्वाधारको स्थान र डिजाइन तय गर्न सुझाव दिएको छ । यातायात, ऊर्जा र सञ्चारजस्ता महत्वपूर्ण सञ्जालमा वैकल्पिक व्यवस्था विस्तार गर्न तथा विपद् पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउन पनि प्रतिवेदनले जोड दिएको छ ।

विपद्पछि प्रभावित परिवारलाई छिटो सहायता पुऱ्याउन एकीकृत सामाजिक संरक्षण प्रणाली आवश्यक रहेको विश्व बैंकको निष्कर्ष छ । उद्धार र राहतबाट पुनर्निर्माणतर्फ अघि बढ्दा दीर्घकालीन जोखिम घटाउने पूर्वाधार तथा नीतिमा लगानी गर्नुपर्नेमा प्रतिवेदनले जोड दिएको छ ।

यसैबीच, विश्व बैंकले यस वर्ष दक्षिण एसियाको आर्थिक वृद्धिदर ६.९ प्रतिशत रहने प्रक्षेपण गरेको छ । 'आर्थिक वृद्धिका लागि आर्टिफिसियल इन्टेलिजेन्स प्रयोग' शीर्षकको क्षेत्रीय प्रतिवेदनअनुसार सन् २०२७ मा दक्षिण एसियाको वृद्धिदर ६.७ प्रतिशतमा झर्ने अनुमान छ । दक्षिण एसियामा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग बढ्दै गए पनि विकसित अर्थतन्त्रको तुलनामा अझै न्यून रहेको विश्व बैंकले जनाएको छ । स्वास्थ्य, शिक्षा, कृषि तथा सार्वजनिक सेवा प्रवाहमा एआईको प्रयोग विस्तार गर्न सकिने र यसले श्रम उत्पादकत्व तथा निर्यातका अवसर बढाउन सक्ने बैंकको आकलन छ ।

❖

दरबन्दी अभाव : कक्षा ११ र १२ मा छैनन् पर्याप्त शिक्षक

दमक/ देशभरका माध्यमिक तहअन्तर्गत कक्षा ११ र १२ मा अध्यापन गराउने शिक्षक संख्या कमी छ। असोज दोस्रो साता प्रकाशित शिक्षा तथा खेलकुद मन्त्रालयको 'वार्षिक प्रगति प्रतिवेदन २०८२/०८३' ले अन्य तहको तुलनामा कक्षा ११-१२ मा स्वीकृत दरबन्दी र उपलब्ध शिक्षक संख्या अत्यन्तै न्यून रहेको देखाएको हो। प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको कक्षा ११ र १२ मा स्वीकृत दरबन्दीका आधारमा एक जना शिक्षकले ६० जना विद्यार्थी सम्हाल्नुपर्ने बाध्यता छ।

राहत, करार वा अन्य सबैसमेत गणना गर्दा पनि यो अनुपात १:५० मात्र पुग्छ। यो अनुपात विद्यालय शिक्षाका अन्य तहहरूसँग तुलना गर्दा निकै असन्तुलित र चिन्ताजनक देखिन्छ।

शिक्षा ऐन, २०२८ को आठौं संशोधनपछि कक्षा ११-१२ लाई माध्यमिक शिक्षामा परिणत गरिएको थियो। तर कक्षा ११ र १२ मा अध्यापनका लागि सरकारले दरबन्दी नै सिर्जना गरेको छैन, जसले गर्दा उनीहरूलाई अध्यापन गराउने शिक्षक एक जना पनि स्थायी छैनन्। शिक्षा नियमावलीले सामुदायिक विद्यालयका प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्याको निश्चित मापदण्ड तोकेको छ। नियमावलीअनुसार हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ तथा उपत्यका र तराई क्षेत्रमा ५० जना विद्यार्थी हुनुपर्ने व्यवस्था छ।

तर, माध्यमिक तहका उपल्ला कक्षा (११ र १२) मा तोकिएको मापदण्डभन्दा धेरै गुणा बढी विद्यार्थी चाप रहेको र सोही अनुपातमा शिक्षक दरबन्दी न्यून छ। हिमाली क्षेत्रका कक्षा ११-१२ मा औसत अनुपात १:५७ छ, जहाँ कोशीका हिमाली भेगमा १:५७ र कर्णालीमा १:५३ सम्म पुगेको छ। यस्तै, पहाडी क्षेत्रका कक्षा ११-१२ मा औसत अनुपात १:५१ छ।

महालेखा परीक्षकको पछिल्लो प्रतिवेदन अनुसार विशेषगरी उपत्यका तथा तराई क्षेत्रका माध्यमिक तह (कक्षा ११-१२) मा औसत शिक्षक विद्यार्थी अनुपात १:७८ पुगेको छ। जस अनुसार मधेस प्रदेशमा कक्षा ११-१२ को अनुपात १:१०८ र कोशी प्रदेशमा १:७८ छ। यस्तै, लुम्बिनीमा १:७९ र बागमतीमा १:६५ अनुपात छ।

यसबाट के बुझिन्छ भने उपत्यका र तराईका विद्यालयहरूमा शिक्षकको व्यापक दरबन्दी अभाव देखिन्छ। पहाडी र हिमाली क्षेत्रमा समेत कक्षा ११-१२ मा शिक्षक अभाव उत्तिकै देखिएको छ। हिमाली क्षेत्रका कक्षा ११-१२ मा औसत अनुपात १:५७ छ, जहाँ कोशीका हिमाली भेगमा १:५७ र कर्णालीमा १:५३ सम्म पुगेको छ। यस्तै, पहाडी क्षेत्रका कक्षा ११-१२ मा औसत अनुपात १:५१ छ, जसमा कोशीको पहाडमा १:५५, बागमतीमा १:५६ र लुम्बिनीमा १:४७ विद्यार्थी बराबर एक शिक्षकको दरबन्दी रहेको देखिन्छ।

तथ्यांक विश्लेषण गर्दा हिमाली क्षेत्रमा कक्षा १२, पहाडी क्षेत्रमा कक्षा ११ र १२ तथा उपत्यका र तराई क्षेत्रमा कक्षा ६, ८, ११ र १२ बाहेक अन्य कक्षाहरूमा मात्र तोकिएको मापदण्डअनुसार शिक्षक विद्यार्थी अनुपात कायम देखिन्छ। यसको अर्थ कक्षा ११ र १२ मा तीनै भौगोलिक क्षेत्र (हिमाल, पहाड, तराई/उपत्यका) मा शिक्षक दरबन्दी निकै न्यून छ। अर्कोतर्फ, समग्रमा कक्षा १ देखि ५ सम्मको विद्यार्थी सङ्ख्या न्यून रहेको र कक्षा ११ र १२ बाहेकका अन्य तल्लो कक्षाहरूमा शिक्षक विद्यार्थी अनुपात ५० भन्दा कम रहेको पाइएको छ।

महालेखा परीक्षकको पछिल्लो प्रतिवेदन अनुसार कक्षा ११ र १२ मा उच्च दरबन्दी अभाव हुनु र प्राथमिक तथा तल्ला कक्षाहरूमा विद्यार्थी सङ्ख्या न्यून हुनुले शिक्षा मन्त्रालयको दरबन्दी मिलान तथा व्यवस्थापन प्रणालीमा ठुलो समस्या रहेको प्रस्ट पार्छ। तल्ला कक्षाहरूमा विद्यार्थीको तुलनामा शिक्षक दरबन्दी बढी हुने तर उपल्ला कक्षा (११-१२) मा विद्यार्थीको चाप उच्च हुँदा पनि शिक्षक दरबन्दी सिर्जना तथा मिलान हुन नसक्नाले माथिल्लो तहको शैक्षिक गुणस्तर र पठनपाठनमा प्रत्यक्ष असर परिरहेको छ।

सामुदायिकमा समस्या बढी

कक्षा कोठामा शिक्षकको अभावले गर्दा विद्यार्थीहरूले विषयगत रूपमा पर्याप्त ध्यान र मार्गदर्शन पाउन सकेका छैनन्। कक्षा कोठामा शिक्षकको अभावले गर्दा विद्यार्थीहरूले विषयगत रूपमा पर्याप्त ध्यान र मार्गदर्शन पाउन सकेका छैनन्। विद्यार्थीको कुल संख्यालाई हेर्दा पनि उपलब्ध शिक्षक संख्या अपर्याप्त रहेको प्रस्ट हुन्छ। प्रतिवेदनअनुसार समग्र माध्यमिक तह (कक्षा ९-१२) मा कुल १६ लाख ६६ हजार ५ सय ५३ जना विद्यार्थी अध्ययनरत छन्। तर, यी सबै विद्यार्थीका लागि जम्मा ६७ हजार ८७ जना मात्र शिक्षक कार्यरत छन्।

स्वास्थ्यका लागि उपयोगी हुन सक्छन् यी खानेकुरा

दमक / शारीरिक तथा मानसिक स्वास्थ्यसँगै खानपानको पनि भूमिका हुन्छ। सन्तुलित र पोषणयुक्त आहारले शरीरमा ऊर्जा, रक्तसञ्चार तथा समग्र स्वास्थ्यलाई सहयोग गर्ने भएकाले यसको अप्रत्यक्ष प्रभाव यौन जीवनमा पनि पर्न सक्छ। जीवनलाई स्वस्थ र सक्रिय राख्न विभिन्न खानेकुरा उपयोगी हुन सक्ने विज्ञहरूले बताउँदै आएका छन्। यस्ता खानेकुरामध्ये अनार, पालुङ्गो, खरबुजा, एभोकाडो, स्ट्रबेरी, कफी तथा चिया र ओमेगा-३ पाइने माछा प्रमुख छन्।

अनार : अनारमा एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ। यसले रक्तसञ्चार र मुटुको स्वास्थ्यलाई सहयोग गर्न सक्छ। केही अध्ययनले अनारको सेवन र यौन स्वास्थ्यबीच सम्भावित सकारात्मक सम्बन्ध देखाए पनि यसलाई यौन क्षमता बढाउने निश्चित उपचारका रूपमा भने लिन हुँदैन।

पालुङ्गो : पालुङ्गोमा म्याग्नेसियम, आइरनसहित विभिन्न पोषक तत्त्व पाइन्छन्। नियमित रूपमा हरियो सागसब्जी सेवन गर्दा समग्र स्वास्थ्य राम्रो राख्न सहयोग पुग्छ। स्वस्थ रक्तसञ्चार र पोषणले यौन स्वास्थ्यमा पनि सकारात्मक भूमिका खेल्न सक्छ।

खरबुजा : खरबुजामा साइट्रुलिन नामक एमिनो एसिड पाइन्छ, जुन शरीरमा आर्जिनिनमा परिवर्तन हुन सक्छ। आर्जिनिनले रक्तनलीलाई फराकिलो बनाउन सहयोग गर्ने भएकाले रक्तसञ्चारमा यसको भूमिका हुन्छ। तर खरबुजालाई भियग्राको विकल्प मान्नु उचित हुँदैन।

एभोकाडो : एभोकाडोमा स्वस्थ बोसो, फाइबर, पोटासियम र विभिन्न भिटामिन पाइन्छन्। यसले शरीरलाई आवश्यक पोषण र ऊर्जा उपलब्ध गराउन सहयोग गर्छ। सन्तुलित आहारको हिस्साका रूपमा एभोकाडो स्वास्थ्यका लागि उपयोगी हुन सक्छ।

स्ट्रबेरी : स्ट्रबेरीमा भिटामिन सी र एन्टिअक्सिडेन्ट प्रशस्त हुन्छ। शरीरमा तनाव कम गर्न र समग्र स्वास्थ्य कायम राख्न पोषक आहारको भूमिका महत्वपूर्ण हुन्छ। त्यसैले स्ट्रबेरीजस्ता फलफूललाई नियमित आहारमा समावेश गर्नु उपयोगी हुन सक्छ।

कफी तथा चिया : कफी र चियामा क्याफिन पाइन्छ। सीमित मात्रामा क्याफिनले सतर्कता र ऊर्जा बढाउन सक्छ। तर धेरै कफी वा चिया सेवन गर्दा निद्रामा समस्या, बेचैनी वा मुटुको धड्कन बढ्ने समस्या हुन सक्छ। त्यसैले विशेषगरी सुत्नुअघि अत्यधिक क्याफिन सेवन नगर्नु राम्रो हुन्छ।

फ्याटी फिस : साल्मन, सार्डिन र म्याकरेलजस्ता माछामा ओमेगा-३ फ्याटी एसिड पाइन्छ। ओमेगा-३ मुटु तथा रक्तनलीको स्वास्थ्यका लागि महत्वपूर्ण मानिन्छ। राम्रो मुटु तथा रक्तसञ्चार स्वास्थ्य यौन स्वास्थ्यका लागि पनि महत्वपूर्ण हुन्छ। शाकाहारी व्यक्तिले ओमेगा-३ का लागि अलसीको बीउ, चिया सिड्स तथा ओखरजस्ता खानेकुरा पनि आहारमा समावेश गर्न सक्छन्।

यौन स्वास्थ्य सुधारका लागि कुनै एउटा खानेकुरामा मात्र निर्भर हुनुभन्दा सन्तुलित आहार, पर्याप्त निद्रा, नियमित व्यायाम, तनाव व्यवस्थापन र धूमपान तथा

पुस्तक-साभार

सफल वक्ता कसरी बन्ने

सं. विनिता पौडेल

स्मृति कस्तो छ ?

क्रमागत...... एक सफल वक्ताको लागि आवश्यक छ कि तपाईको स्मृति राम्रो होस्, किनकि यस्तो मानिस नै धेरैभन्दा धेरै जानकारी आफूसँग राख्न सक्छ। कमजोर स्मरणशक्ति भएको मानिस त्यो बिनाकम्पासको समुद्री जहाज कै हुन्छ, जो केही टाढा गएपछि आफ्नो बाटोबाट भौतारिन्छ। त्यसैले एक राम्रो वक्ता बन्नको लागि जरूरी छ कि तपाईको स्मरण पनि उन्नत होस्। यसमा सुधार गर्नको लागि तपाईं शवासन, समाधि तथा चिन्तन आदि गर्न सक्नुहुन्छ। स्मृति बढाउनको लागि अरू पनि उपाय गर्न सकिन्छ। रक्सी आदिको नशाबाट आफूलाई सदैव टाढै राख्नुस् किनकि यसबाट हाम्रो स्नायु तन्त्रलाई पनि नोक्सान पुग्छ तथा यसले हाम्रो स्मरण शक्तिलाई पनि कमजोर बनाइदिन्छ।

एक सजिलो काम

तपाईंलाई अबसम्म यो थाहा भइसक्यो होला कि सफल भाषण दिनु कुनै मुश्किल काम हैन। यदि हामी साँचो लगनले भाषणलाई सफल रोचक तथा प्रभावशाली बनाउने प्रयत्न गर्छौं भने निश्चित रूपमा नै हामी सफल हुनेछौं। तपाईंले पाउनु हुनेछ कि भाषण दिनु एक कठिन काम नभएर आनन्ददायी काम हो तर यसको लागि तपाईले सिकाइएको हर टेक्निक अपनाउनु पर्ने छ। हामी मध्ये कुनै पनि यत्ता बेकारको भाषण दिन चाहँदैन तर कैयौं पटक अभ्यास तथा सही ज्ञानको अभावमा हामी सफल एवं प्रभावशाली भाषण दिनमा असमर्थ हुन्छौं। मैले देखेको छु कि धेरै वक्ता उचित विषय रोज्छन्, विचार पनि सही ढंगले प्रस्तुत गर्छन्, तर भाषणमा नीरस आंकडा सामेल गरेर विषयमा रूखोपन ल्याइदिन्छन्। रूखो ढंगले प्रस्तुत गरिएको आंकडालाई कसैले पनि मनपराउँदैन। यदि तपाई आकडा दिनै चाहनु हुन्छ भने बिल्कुलै सही संख्या बताउनु पर्ने जरूरी छैन। यदि कुनै वक्ताले यसो भन्छ कि हाम्रा स्वयं सेवकले देशभरमा एघार लाख उनान्सय हजार नौ सय बाइ पुरूष तथा आठ लाख उन्नचालीस हजार तीन सय छब्बीस महिलालाई पढ्न लेख्न सिकाए, तब श्रोता वर्ग दिक्दार हुनेछ, तर यही आंकडालाई यदि राम्रो ढंगले प्रस्तुत गर्ने हो भने भाषणमा रोचकता आउने छ। क्रमश:.....

एक राम्रो बक्ताले यो प्रस्तुतिकरण केही यस्तो ढंगले गर्नेछ हाम्रा स्वयंसेवकले देशभरका लगभग बाई लाख अनपढ़ पुरुष तथा साढे आठ लाख महिलालाई पढ्न लेखन सिकाए। यस्तो खालको प्रस्तुतिकरणबाट स्रोतालाई सख्या पनि याद रहने छ। धेरै कम मौका यस्तो आउने छ जब तपाईका श्रोता बिल्कुलै सही आंकडा थाहापाउन चाहन्छन्। त्यसैले तपाईले यस्तो सही आकडा तब प्रस्तुत गर्नपर्छ, जब ओताले यस्तो चाहन्छन्। यदि तपाई भाषणमा बताइएको संख्याको तुलना कुनै अरू कुरासँग गर्न सक्नुहुन्छ भने यो धेरै राम्रो हुनेछ। यदि तपाई यसो भन्नु हुन्छ कि बिहारको कुनै गाउँका दुई हजार मानिस बाढीमा बगे तथा सारा जीव जन्तु पनि मारिए, तब जनतामा यसको खासै राम्रो प्रभाव पर्दैन, तर तपाई यही कुरालाई यसरी भन्नुस् कि कल्पना गर्नुस् तपाई आफ्नो गाडीमा बसेर एउटा गाउँमा घुमिरहनु भएको छ जुन गाउँका सारा पशु तथा मानिस जीवित नबचेका हुन् गाउँको सबै कुरा पानीमा बगेर गयो तथा पूरा गाउँ एकदम खाली लागिरहेको होस्, बिल्कुल यस्तै हालत छ हाम्रो कोशीको गाउँको ? बाढीले पूरा गाउँ बगाएर लग्यो। यसरी तपाईंको भाषणमा सजीवता पनि आउने छ। श्रोतालाई लाग्ने छ कि क आफै त्यो गाउँको निरीक्षण गरिरहेको छ। तपाई कुनै एयरलाइन्समा काम गरिरहनु भएको छ तथा भाषणको समयमा जनतालाई आकडा दिएर बताउन चाहनु हुन्छ कि हाम्रो हरदिन... उडान देशको लागि हो। हामी हर हप्ता दूरी हवाई मार्गबाट पार गर्छौं, यो कुरा त्यति रोचक लाग्ने छैन, तर यदि तुलनात्मक रूपमा यसलाई यसरी भनौ कि हामीद्वारा हप्तामा पूरा गरिएको दूरी चन्द्रमासम्म पुगेर फर्केर आउनु बराबरको छ, तब धेरै मानिसले यसमा आनन्द लिनेछन् र सजिलै याद राख्न सक्नेछन्।

आँखासँग सम्पर्क

आफ्नो विचार व्यक्त गर्दा तपाई ओतासँग आँखा मिलाएर कुरा गर्नुस्। नजर झुकाउने मानिस चोर जस्तो प्रकृतिको देखिन्छ त्यसैले उसको भाषण राम्रो भएर पनि त्यसले सही प्रभाव छोड्न सक्दैन। मत भन्न चाहन्छु कि यदि तपाई कालो या कुनै अस रंगको चश्मा लगाउनु हुन्छ भने भाषणको समयमा त्यो चश्मा खोलीदिनुस्, ताकि जनतालाई तपाईको विचार कुनै निजीव मूर्तिबाट निरके भौ नलागोस्। क्रमश:....

मनोरञ्जन

दुबईमा गुन्जियो नेपथ्यको 'कोशीको पानी'

दमक/ नेपथ्यले लोकरक गीतहरूमार्फत दर्शकलाई भरपूर मनोरञ्जन दिएको छ। आइस हकी खेलिने कभर्ड हलमा अघिल्ला कन्सर्टहरू गर्दै आएको ब्यान्डले यो पाला पहिलो पटक इन्टरनेट सिटीस्थित 'दी एजेन्डा' रोजेको थियो। 'नेपथ्यको सानदार प्रस्तुतिले यो वर्ष हाम्रो इभेन्ट सिजनको सुरुवातै भव्य भयो' कन्सर्टपछि आयोजक इजी ग्रुपका श्री लामिछानेले प्रतिक्रिया दिए।

मणिपाल युनिभर्सिटीमा बिजनेस एडमिनिस्ट्रिसेन अध्ययनरत दर्शक वन्दना थापा पनि कार्यक्रममा सहभागी थिइन्। 'नेपथ्यको कन्सर्ट हेर्नु सङ्गीतको आनन्द लिनु मात्र नभई सिङ्गो नेपाल र नेपालीपनकै उत्सव मनाउनु जस्तो हुन्छ। जसको सम्झना बाँचुन्जेल रमाइलो बनेर मनमा बस्छ' थापाले भनिन्।

स्थानीय आयोजकले कन्सर्टअघि दुबईका दर्शकमाझ नेपथ्यका गीत आफ्नो स्वरमा रेकर्ड गरेर पठाउने प्रतिस्पर्धा पनि चलाएका थिए। त्यसमा आतिफले 'रातो र चन्द्रसुर्जे' गीत सामेल गराए र पुरस्कृत बने। उनले टिकटकमा समेत राखेको यो गीत अहिलेसम्म करिब ३५ हजारले हेरिसकेका छन् भने पाँच हजारले लाइक गरिसकेका छन्। यो सफलताबापत उनले नेपथ्य कन्सर्ट हेर्ने मात्र नभई यसका मुख्य गायक एवं अगुवा अमृत गुरुङसँग व्यक्तिगत तवरले भेटघाट गर्ने अवसर पनि पाए। गुरुङ सँगको भेटघाटको क्षण पनि उनले टिकटकमा राखिसकेका छन्, जसलाई १२ घण्टाभित्रै १७ सय जनाले लाइक गरिसकेको देखिन्छ। त्यसमा उनले लेखेका छन्, 'नेपालके पहाडोंसे पाकिस्तानके वादियोंतक, दोस्तीका एक नयाँ नगमा।'

दुबई कन्सर्टको राप र ताप सुरुवातदेखि अन्त्यसम्मै देखिन्थ्यो। घडीले औँल्याउनासाथ दर्शकले भरिएको हलमा प्रवेशगरेका गायक अमृतले पहिलो गीत 'कोशीको पानी' गाउन सुरु गरे। त्यसपछि सुरु भएको दर्शक उत्साह र जोस अन्तिम गीत 'रातो र चन्द्रसुर्जे' सम्मै कायम रह्यो। त्यस बीचमा अमृतले आफ्ना धारणाहरूमार्फत समेत तमाम दर्शकलाई नेपालसँग जोड्ने प्रयत्न गरिरहे। प्रकृतिले हिमाल, पहाड र उर्वर तराई दिएको धनी देश भएर पनि मरुभूमिमा परिश्रम गर्न आउनुपरेका नेपालीको बाध्यतामा उनले बारम्बार थकथकी माने। त्यसै गरी आफ्नो मातृभूमिलाई परेको बेला मनले जति इच्छा हुन्छ, त्यति सहयोग गर्न पनि उनले अभिप्रेरित गरे।

सामान्य ज्ञान

१. नेपाल सरकारले ज्येष्ठ नागरिक स्वास्थ्य बिमा तथा सबै नेपालीको बैंक खाता कार्यक्रम कहिलेबाट सुरु गऱ्यो ? ***उत्तर : २०७६ बैशाख १ गते***

२. पुरातात्विक महत्व बोकेको धार्मिक एवं ऐतिहासिक स्थल किच्चकबध क्षेत्र नेपालको कुन जिल्लामा पर्दछ ? ***उत्तर: झापा (किच्चकबध क्षेत्र महाभारतकालीन घटना संग जोडिएको छ।)***

३.सन् १९२१ मा सगरमाथाको प्रथम आरोहण प्रयास कसको नेतृत्वमा भएको थियो ?
उत्तर: कर्णेल चार्ल्स हवार्ड बरी (बेलायत)

४. सन् २०१९ मा मनाइएको विश्व स्वास्थ्य दिवसको नारा के रहेको छ ? ***उत्तर: सवैका लागि स्वास्थ्य: प्रत्येकलाई जहीँतहीँ (सन् १९४८ अप्रितल ७ देखि मनाउन थालिएको हो।)***

५. राष्ट्रिय बाघ गणना - २०१८ को तथ्याङ्क अनुसार हाल नेपालमा बाघको संख्या कति रहेको छ ?
उत्तर: २३५ वटा (सन् २०१३ को गणनामा १९८ वटा)

६. व्यवसायिक रुपमा पाँचौ पुस्ता (५न) सेवा सञ्चालन गर्ने पहिलो देश कुन हो ?
उत्तर: दक्षिण कोरिया

७. "लाल चोक" कुन दरबार भित्र रहेको चोक हो ? ***उत्तर: पचपन्न झ्याले दरवार***

८. काजकिस्तानले आफ्नो देशको राजधानीको नाम परिवर्तन गरी के नामाकरण गरेको छ ?
उत्तर: नुर सुल्तान

आज मिति
२०८३ साल
असोज २२ गते
बिहीबार
8 Oct. 2026
तिथि: त्रयोदशी श्राद्ध

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	घरायसी समसया। सामान्य लाभ।
वृष	इ उ ए ओ वा वि वु वे वो	पुरूषार्थ बढ्ने। भाईबैनीबाट सहयोग।
मिथुन	का कि कु घ ङ छ के को हा	पढार्यमा केही समस्या। खर्च बढ्ने।
कर्कट	हि हु हे हो डा डि डु डे डो	व्यापारबाट लाभ। स्वास्थ्यमा केही समस्या।
सिंह	मा मि मु मे मो टा टि टु टे	व्यापारबाट लाभ। स्वास्थ्यमा केही समस्या।
कन्या	टो प पी पँ ष ण ठ पे पो	कार्यमा बाधा। शत्रुको भय।
तुला	रा री रु रे रो ता ती तु ते	कार्यमा व्यस्त। दाजु, दिदीको सहयोग।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	रोजगारीको अवसर। बुबाको सहयोग।
धनु	य यो भा भी भ धा फा ढ भे	सामान्य धन लाभ। शुभ कार्यमा मन लाग्ने।
मकर	भो जा जी खि खू खे खो गा गी	हुन लागेको काम रोकिने। पेटमा केही समस्या।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	प्रेममा सुधार। लेनदेनमा सफल।
मीन	दि दु थ झ ञ दे दो चा ची	आर्थिक पक्षमा बृद्धि। आफन्तबाट सहयोग।

भारतको सहयोगमा मोरङमा विद्यालय भवन निर्माण

मोरङ / सुन्दरहरैंचा नगरपालिकामा रहेको पञ्चायत माध्यमिक विद्यालयको भवन भारत सरकारले निर्माण गरिएको छ ।

सो भवनको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, नेपालस्थित भारतीय दूतावासका प्रथम सचिव नारायण सिंह र सुन्दरहरैंचा नगरपालिकाका मेयर केदार प्रसाद गुरागाईले संयुक्त रूपमा उद्घाटन गरेका छन् । भारतीय दूतावासका अनुसार विद्यालयको विद्यालय भवन निर्माण कार्य उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत भएको हो ।

कोशी प्रदेशका मुख्यमन्त्री कार्कीले भारत सरकारद्वारा निर्मित नयाँ पूर्वाधारले मोरङको सुन्दरहरैंचा नगरपालिकाका विद्यार्थी तथा शिक्षकहरूको सिकाइ वातावरण सुदृढ हुने विश्वास लिएको बताएका थिए ।

उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रमको सुरूवात भएयता विभिन्न क्षेत्रहरूमा भारत सरकारद्वारा नेपालका सात वटै प्रदेश र ७४ वटा जिल्लाहरु समेट्ने गरी ६०५ वटा परियोजनाहरु सञ्चालन गरिएका छन् । यसमध्ये कोशी प्रदेशमा १०३ वटा योजना परिचालनमा छन् । त्यसमध्ये मोरङमा मात्र १७ वटा परियोजना सञ्चालनमा रहेको दूतावासले जनाएको छ ।

भारतले कोशी प्रदेशमा १५० वटा एम्बुलेन्स र ६२ वटा स्कुल बस प्रदान गरेका छन् त्यसमध्ये मोरङ जिल्लामा मात्र २१ वटा एम्बुलेन्स र १७ वटा स्कुल बस प्रदान गरेको छन् ।

उच्च प्रभाव सामुदायिक विकास परियोजनाले प्राथमिकताका क्षेत्रहरूमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई प्रवर्द्धन गर्ने भारत सरकारको लक्ष्य रहेको विज्ञप्तिमा उल्लेख गरेको छ ।

अन्तर्राष्ट्रिय

नाइजेरियामा बन्दुकधारीको आक्रमण, १७ जनाको मृत्यु

एजेन्सी/ उत्तरपश्चिम नाइजेरियाको जामफरा राज्यमा सशस्त्र गिरोहले खानीस्थल र गाउँमा आक्रमण गर्दा पाँच खानी मजदुरसहित १७ जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

मारु जिल्लाको बिन्दिन गाउँबाहिर रहेको खानीमा सोमबार मोटरसाइकलमा आएका दर्जनौं सशस्त्र गिरोहका सदस्यले गोली चलाउँदा पाँच खानी मजदुरको मृत्यु भएको थियो । त्यसपछि गाउँमा प्रवेश गरेका बन्दुकधारी र सुरक्षाकर्मीबीच गोली हानाहान हुँदा १२ सैनिक मारिएको स्थानीय अधिकारीहरूले बताएका छन् । स्थानीय गाउँका काउन्सिलर अब्दुल्लाही मुसा मुतुन्जीले घटनामा १७ जनाको मृत्यु भएको पुष्टि गर्दै खानी मजदुरले गिरोहको धम्कीलाई बेवास्ता गरेको विषयलाई लिएर बदलास्वरूप आक्रमण गरिएको बताएका छन् । आक्रमणमा आफ्ना छोरासमेत मारिएको लवान वानजामले एएफपीलाई बताएका छन् । उनका अनुसार स्थानीय गिरोहका एक नेताको योजनामा आक्रमण भएको थियो ।

ऊर्जा संकटबाट मुक्त हुने आशामा बंगालादेश

एजेन्सी/ नियमित विद्युत् कटौती र बढ्दो ऊर्जा मागको दबाब झेलिरहेको बंगालादेशले आˆनो पहिलो आणविक ऊर्जा संयन्त्रबाट विद्युत् उत्पादन सुरू हुने प्रतीक्षा गरिरहेको छ । पद्मा नदीको किनारमा निर्माण भइरहेको रूपपुर आणविक ऊर्जा संयन्त्र सञ्चालनमा आएपछि देशको विद्युत् आपूर्तिमा उल्लेख्य सुधार हुने अपेक्षा गरिएको छ । ढाकाबाट करिब १५० किलोमिटर पश्चिममा रहेको रूपपुर परियोजना करिब १३ अर्ब अमेरिकी डलरको लागतमा निर्माण भइरहेको छ । २.४ गिगावाट क्षमताका दुई रिएक्टर रहेको यस संयन्त्रबाट देशको कुल विद्युत् मागको १० प्रतिशतभन्दा बढी आपूर्ति हुने अपेक्षा गरिएको छ ।

दमक भेट्रान च्यालेञ्ज कप

बिर्तामोड भेट्रानको हातमा उपाधि

✍ सुजन गौतम

दमक । झापाको दमकमा सम्पन्न कोशी प्रदेश जिल्ला स्तरीय प्रथम भेट्रान च्यालेन्ज कप-२०८३ को उपाधि बिर्तामोड भेट्रानले जितेको छ । दमक-२ स्थित बेलडाँगी खेलमैदानमा बिहीबार सम्पन्न फाइनल खेलमा बिर्तामोड भेट्रानले दमक भेट्रान रातो लाई २-० गोल अन्तरले पराजित गर्दै उपाधि आफ्नो पक्षमा पारेको हो ।

उपाधि विजेता बिर्तामोड भेट्रानले रू. १ लाख १ हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। यस्तै, उपविजेता बनेको दमक भेट्रान रातोले रू. ५१ हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

खेल सुरू भएको १७औँ मिनेटमा बिर्तामोड भेट्रानका जर्सी नम्बर ७ का खेलाडी प्रवेश कटुवालले गोल गर्दै टोलीलाई सुरूआती अग्रता दिलाएका थिए। त्यसपछि २८औँ मिनेटमा बिर्तामोड भेट्रानकै जर्सी नम्बर ५ का खेलाडी रविन राईले थप एक गोल गर्दै टोलीको अग्रता दोब्बर बनाएका थिए ।

खेलको पहिलो हाफमा बिर्तामोड भेट्रानले गरेको दुई गोल नै टोलीका लागि निर्णायक बन्न पुगेको थियो । खेलको क्रममा दमक भेट्रानका दुई खेलाडीले पहेँलो कार्ड पाएका थिए।

खेल सुरू हुनुअघि पूर्व खेलाडीहरु लाई सम्मान गरिएको थियो। फाइनल खेलको पूर्वसन्ध्यामा आयोजित मैत्रीपूर्ण खेल जनप्रतिनिधि र पत्रकारबीच सम्पन्न भएको थियो। खेलमा जनप्रतिनिधिको टोलीले पत्रकारको टोलीलाई २-१ गोल अन्तरले पराजित गरेको थियो । दमकमा सम्पन्न भेट्रान च्यालेन्ज कपको पुरस्कार वितरण कार्यक्रममा उत्कृष्ट खेलाडीहरूलाई विभिन्न विधामा सम्मान गरिएको छ। प्रतियोगितामा उत्कृष्ट गोलकिपरको उपाधि तीर्थ रिजालले प्राप्त गरे । त्यस्तै, उत्कृष्ट डिफेन्डर मोहन गुरूङ र उत्कृष्ट मिडफिल्डर भूपेन लिम्बू घोषित हुनुभयो।

खेलमा उत्कृष्ट प्रदर्शन गर्दै 'म्यान अफ द म्याच'को उपाधि प्रवीण राईले प्राप्त गर्नुभयो। प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीका रूपमा दमक रातोका तुलबहादुर मगर 'म्यान अफ द सिरिज' बन्न सफल हुनुभयो। पुरस्कार वितरण कार्यक्रममा उत्कृष्ट खेलाडीहरूलाई ट्रफी तथा सम्मान प्रदान गरिएको थियो ।

दमक भेट्रान फुटबल क्लबका अध्यक्ष गजेन्द्र देवानको अध्यक्षतामा प्रतियोगिता सञ्चालन गरिएको थियो। प्रतियोगितामा कोशी प्रदेशका विभिन्न जिल्लाका भेट्रान टोलीहरूको सहभागिता रहेको आयोजकले जनाएको छ।

कांग्रेस.... सांगठनिक तथा आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने कार्यसूची थियो । सभापति गगन थापाले प्रस्तुत गरेको राजनीतिक प्रस्ताव, उपसभापति विश्वप्रकाश शर्माको समसामयिक प्रस्ताव, महामन्त्री गुरूराज घिमिरेको सांगठनिक प्रतिवेदन तथा कोषाध्यक्ष उमेश श्रेष्ठको आर्थिक प्रतिवेदनमाथि छलफल भएको छ ।

कांग्रेसको नयाँ नेतृत्व चयनका लागि बिहीबार बिहान ७ बजेदेखि मतदान गर्ने कार्यतालिका छ । प्रारम्भिक सूचीअनुसार ७ हजारभन्दा बढी महाधिवेशन प्रतिनिधि मतदानका लागि योग्य छन् । थापाले बन्दसत्रलाई सम्बोधन गर्दै पार्टीमा पदलाई स्थायी हैसियत नभई जिम्मेवारीका रूपमा बुझ्नुपर्ने बताएका छन् । उनले कांग्रेसलाई गुट र पक्षको आधारमा विभाजित नगरी एउटै परिवारका रूपमा अघि बढाउनुपर्ने धारणा राखेका छन् ।

विशेष महाधिवेशनदेखि नियमित महाधिवेशनसम्म आइपुग्दा कांग्रेसभित्र देखिएको विवाद र विभाजनलाई सहमतिमार्फत व्यवस्थापन गर्ने प्रयास अहिले निर्णायक चरणमा पुगेको छ । अब खड्गीले लिने निर्णय र अन्य पदाधिकारीमा हुने अन्तिम सहमतिले महाधिवेशनको स्वरूप निर्धारण गर्नेछ । कांग्रेसको नेतृत्व चयनसँगै पार्टीको आगामी राजनीतिक दिशा र संगठन सञ्चालनको शैलीसमेत प्रभावित हुने देखिएको छ ।

प्रतिष्पर्धामा.... *प्रकाश उपाध्याय उम्मेदवार छन् ।*

महिला महामन्त्री पदमा डिला संग्रौला, महालक्ष्मी उपाध्याय 'डिना' र रीता खनालबीच प्रतिस्पर्धा हुँदैछ ।

यसैगरी विभिन्न समावेशी समूहबाट सहमहामन्त्रीका लागि पनि ठूलो संख्यामा उम्मेदवारी परेको छ । महिला, खस-आर्य, आदिवासी जनजाति, दलित, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र तथा अल्पसंख्यक/अपाङ्गता समूहबाट उम्मेदवारी परेको छ ।

पदाधिकारीको अन्तिम सूचीमा केही उम्मेदवारी फिर्ता तथा प्राविधिक संशोधन हुन सक्ने भएकाले निर्वाचन समितिले सार्वजनिक गर्ने अन्तिम नामावली नै आधिकारिक हुनेछ ।

सभापति १, वरिष्ठ उपसभापति १, उपसभापति ३, महामन्त्री ३, सहमहामन्त्री ९ र कोषाध्यक्ष १ गरी १९ पदाधिकारीका लागि निर्वाचन हुँदैछ ।

दशैंमा.... राष्ट्र बैंकको थापाथलीस्थित कार्यालय, राष्ट्र बैंकका प्रादेशिक कार्यालय तथा वाणिज्य बैंकबाट सुकिला तथा सफा नोट उपलब्ध गराउने व्यवस्था भइरहेको छ ।

यसको अर्थ यसपटक राष्ट्र बैंकले विगतमा जस्तो दसैं लक्षित गरेर ठूलो परिमाणमा 'नयाँ नोट सटही अभियान' सञ्चालन गर्नेभन्दा नियमित प्रक्रियामार्फत सुकिला तथा सफा नोट उपलब्ध गराउने नीतिलाई प्राथमिकता दिएको छ ।

त्यसैले 'एटीएमबाटै नयाँ नोट पाइने' भन्ने समाचारलाई सबै सर्वसाधारणले सबै एटीएमबाट नयाँ नोट निकाल्न पाउने अर्थमा बुझ्नु उपयुक्त हुँदैन । बैंक तथा वित्तीय संस्थाले आफ्नो एटीएमको क्षमता र नोटको उपलब्धताका आधारमा सेवा सञ्चालन गर्नेछन् ।

प्रवक्ता पौडेलका अनुसार राष्ट्र बैंकले पछिल्ला चार(पाँच वर्षदेखि चाडपर्व लक्षित गरेर नयाँ नोट बजारमा ल्याउने परिपाटी क्रमशः न्यूनीकरण गर्ने प्रयास गर्दै आएको छ । यसको सट्टा चलनचल्तीमा रहेका सुकिला तथा सफा नोटलाई पुन:प्रयोगमा ल्याउने नीतिलाई प्राथमिकता दिइएको छ ।

यसको मुख्य उद्देश्य नयाँ नोट छपाइ तथा व्यवस्थापनको लागत घटाउनुका साथै नोटको आयु बढाउनु पनि हो । राष्ट्र बैंकका अनुसार भदौ ३१ गतेसम्म नेपालमा चलनचल्तीमा रहेको मुद्रा अर्थात् 'करेन्सी इन सर्कुलेसन' रू. ७ खर्ब ९४ अर्ब पुगेको थियो ।

राष्ट्र बैंकले दसैंका क्रममा उक्त रकममा करिब ८ देखि १० प्रतिशतसम्म वृद्धि हुने अनुमान गरेको छ । यो अनुमानअनुसार दसैंका बेला बजारमा थप करिब रू. ६३ अर्ब ५२ करोडदेखि रू. ७९ अर्ब ४० करोडसम्म मुद्रा चलनचल्तीमा आउन सक्छ ।

दसैंमा दक्षिणा, किनमेल तथा अन्य कारोबारका कारण साना दरका नोटको माग बढ्ने भएकाले राष्ट्र बैंकले एकातिर एटीएममार्फत रू. १०० का नोट उपलब्ध गराउने व्यवस्था गरेको छ भने अर्कोतर्फ बैंक तथा आफ्ना कार्यालयमार्फत सुकिला तथा सफा नोट उपलब्ध गराउने व्यवस्था कायम राखेको छ ।

रास्वपा... जनताको घरदैलोमा पुगी वास्तविक समस्याबारे जानकारी लिई त्यसको सम्बोधनका लागि केन्द्रलाई सुझाव दिइने छ । उनले भने, 'यस अभियानले जिल्लाको राजनीतिक अवस्था र नागरिकको अपेक्षालाई नजिकबाट बुझ्ने अवसर प्राप्त हुने अपेक्षा गरेका छौं ।'

अध्यक्षमा.... पुन:स्थापना, हिन्दु राष्ट्र, संघीयताको पुनरावलोकन, सुशासन, भ्रष्टाचारविरूद्ध अभियान, सामाजिक न्याय र राष्ट्रिय स्वाभिमानलाई पार्टीको प्रमुख राजनीतिक मुद्दाका रूपमा अघि सारेको छ । प्रदेश संरचनाको खारेजी तथा अधिकारसम्पन्न स्थानीय तहसहित प्रभावकारी केन्द्रीय शासन प्रणालीका लागि अभियान सञ्चालन गर्ने नीति पनि प्रतिवेदनमा उल्लेख छ ।

अधिवेशनले 'जनसरोकारका विषयमा आन्दोलनमुखी दमक संकल्प-पत्र'समेत अघि सारेको छ । संकल्पपत्रमा राष्ट्रिय स्वाधीनता, सुशासन, आर्थिक आत्मनिर्भरता, रोजगारी, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, भूमिहीन नागरिक, राष्ट्रिय सुरक्षा र वातावरण संरक्षणलगायतका विषय समेटिएका छन् ।

कोशी प्रदेशलाई आर्थिक, पर्यटन तथा उत्पादनको केन्द्रका रूपमा विकास गर्न जलविद्युत्, कृषि, उद्योग, व्यापार र पर्यटनलाई एकीकृत रणनीतिमा जोड्ने प्रस्ताव गरिएको छ । जलवायु परिवर्तनका कारण बढ्दै गएको बाढी, पहिरो तथा हिमतालजन्य जोखिम न्यूनीकरणका लागि सरकारलाई दबाब दिने नीति पनि अघि सारिएको छ ।

अधिवेशनले आगामी केन्द्रीय महाधिवेशन सफल बनाउने तथा विगतको निर्वाचन परिणामबाट शिक्षा लिएर संगठनलाई आगामी निर्वाचनका लागि अहिलेदेखि नै तयार पार्ने निर्णयको प्रस्ताव गरेको छ ।

अधिवेशनमा प्रदेश अध्यक्ष थापाले प्रस्तुत गरेको प्रतिवेदन हलले पारित गरेको छ । थापाको अध्यक्षतामा आयोजित अधिवेशनको उद्घाटन राप्रपाका केन्द्रीय महामन्त्री राजेन्द्र गुरूङले गरेका थिए । सो कार्यक्रममा प्रदेशका सबै जिल्लाबाट करिब ७ सय हाराहारीमा प्रतिनिधिहरू उपस्थित रहेका थिए ।

कोशीमा.... भट्टराईले बालश्रमसम्बन्धी आइएलओ महासन्धिका प्रावधानका विषयमा आ(आˆना प्रस्तुतीकरण गरे ।

त्यसअवसरमा कोशी प्रदेशमा इलामका सूर्यदय नगरपालिका र भोजपुरका पौवादुङमा गाउँपालिका बालश्रममुक्त पालिका घोषणा भएको जनाइएको छ ।

अब.... साटफेर गर्न समस्या भोगिरहेको गुनासो बढिरहेको छ । सोही समस्याको दीर्घकालीन समाधान खोज्न देशभर एउटा मात्र ब्रान्डमा सिलिन्डर उपलब्ध हुने व्यवस्था गर्ने तयारी थालेको उद्योग मन्त्रालयका सचिव रूद्रसिंह तामाङले जानकारी दिए । उनले सकेसम्म दसैंअगाडि नै यस्तो निर्णय हुने बताए।

दशैं मनाउन.... दसैं, तिहार नेपालीका प्रमुख चाडपर्व भएकाले वर्षभरि रोजगारीका लागि घरदेखि टाढा रहेका नेपाली चाडपर्वका अवसरमा स्वदेश फर्किने गरेका छन् । भारतबाट नेपाल फर्कनेहरूले पूर्वी नाका काँकडभिट्टा, भद्रपुर, मोरङको जोगवनी लगायतमा भिड बढेको छ ।

परिचयपत्र नहुँदा आधारभूत सेवाबाट बञ्चित भुटानी शरणार्थी

दमकं / झापाको बेलडाँगी र मोरङको पथरी-शनिश्चरेस्थित शिविरमा रहेका भुटानी शरणार्थीले परिचयपत्र नहुँदा स्वास्थ्य उपचार, बैंक खाता खोल्ने र सवारी चालक अनुमतिपत्र (लाइसेन्स) बनाउनसमेत समस्या भएको गुनासो गरेका छन् ।

पिस इनिसिएटिभ भुटान (पीआईबी) ले बुधबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा भुटानी शरणार्थी समुदायका अभियन्ता सुदर्शन प्याकुरेलले लामो समयदेखि समाधान हुन नसकेको शरणार्थी समस्या छानबिन गरी सरकारले दीर्घकालीन समाधान खोज्नुपर्ने माग गरे ।

परिचयपत्र नहुँदा रोजगारी पाउनसमेत समस्या रहेको भन्दै प्याकुरेलले राज्यले विभिन्न शुल्क तिर्न भने पनि आवश्यक परिचयपत्र नदिएको गुनासो गरे । 'सरकारले विद्युत् महसुल तिर भन्छ, तर परिचयपत्र दिँदैन,' उनले भने, 'परिचयपत्र नभएपछि काम गर्न कसैले राख्दैन, रोजगारी छैन । अब कसरी पैसा तिर्न सक्छ ?'

उनका अनुसार परिचयपत्रको अभावमा शिविरमा रहेका शरणार्थीले अस्पतालमा उपचार गराउन, बैंकिङ सेवा लिन तथा सवारी चालक अनुमतिपत्र बनाउन कठिनाइ भोगिरहेका छन् । यसले दैनिक जीवनका आधारभूत सेवामै समस्या सिर्जना गरेको उनले बताए ।

प्याकुरेलले केही दिनअघि झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेल, दमक नगरपालिकाकी उपप्रमुख रेजिना भट्टराई तथा दमक नगरपालिका(३ का वडाध्यक्ष नवीन बरालसँग भेट गरेको जानकारी दिए । स्थानीय तह र जिल्ला प्रशासनले आˆनो अधिकार क्षेत्रभित्रबाट सम्भव सहयोग गर्ने बताए पनि शरणार्थीसम्बन्धी मूल समस्या समाधानका लागि गृह मन्त्रालयअन्तर्गतको शरणार्थी मामिला हेर्ने संयन्त्रमार्फत पहल गर्नुपर्ने सुझाव आफूहरूले पाएको उनले बताए ।

भुटानी शरणार्थीको माग राजनीतिक अधिकारका लागि नभएको प्याकुरेलले स्पष्ट पारे । 'हामीले राजनीतिक अधिकार खोजेका होइनौं । रोजगारी, शिक्षा र स्वास्थ्यलगायतका आधारभूत अधिकार दिए पुग्छ,' उनले भने ।

कार्यक्रममा बिकिसा केसीले आफू नेपालमै जन्मिएको र केही समय शरणार्थी शिविरमा बसेको बताइन् । हाल अमेरिकामा रहेकी केसीले तेस्रो मुलुकमा पुनर्वास भइसकेका शरणार्थीका नेपालमा रहेका आफन्तको अवस्थाप्रति चिन्ता व्यक्त गरिन् ।

उनका अनुसार अधिकांश भुटानी शरणार्थी तेस्रो मुलुकमा पुनर्वास भइसके पनि शिविरमा अझै हजारौं शरणार्थी रहेका छन् । '८० प्रतिशत सेटल भइसक्नुभएको छ । यहाँ भएकाहरूलाई सरकारले हेरिदिनुपर्‍यो । अझै ६ हजार ३ सय ६५ जना शिविरमै छन्,' उनले भनिन् ।

पीआईबीले बाँकी रहेका भुटानी शरणार्थीको परिचयपत्र, मानव अधिकार, परिवार पुनर्मिलन, स्वदेश फिर्ती तथा आफन्तसँगको सम्बन्धलगायतका विषयमा स्पष्ट सरकारी नीति बनाउन र दीर्घकालीन समाधान खोज्न माग गरेको छ ।

बिर्तामोडमा आगलागी, ५ घर जले

विर्तामोड/ झापाको बिर्तामोड नगरपालिकास्थित भद्रपुर लाइनमा भएको आगलागीबाट ५ घर जलेका छन् । जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता डीएसपी रञ्जन अवाले आगालागीका कारण भएको क्षतिको विवरण संकलन भइरहेको छ । 'मानवीय क्षति भएको छैन,' उनले भने, '४(५ घरमा आगलागीले क्षति पुर्‍याएको छ । हामी विवरण संकलन गरिरहेका छौं ।' डीएसपी अवाका अनुसार त्यहाँ रहेको फर्निचर उद्योगबाट आगलागी सुरू भएको हो ।

१४ वटै जिल्लामा चाडपर्वलक्षित यात्रु सहायता कक्ष

दमक/ कोशी प्रदेशका १४ वटै जिल्लामा चाडपर्वलक्षित यात्रु सहायता कक्षसमेत सुरू भइसकेको छ । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) शेखर खनालले चाडपर्वलक्षित सुरक्षा व्यवस्थापन चुस्तदुरूस्त बनाइने बताए ।

सञ्चारकर्मीसँग कुरा गर्दै उनले कतै यात्रामा जाँदा ठगिएको महसुस भएमा प्रहरीलाई खबर गर्न र पैसा नलाग्ने नम्बर १०० मा कल गर्न समेत आग्रह गरे । यस समयमा विषेश प्रहरीहरु परिचालन गरी नागरिकलाई यात्रामा सहज बनाइने उनको भनाइ छ । चाडपर्वको समयमा चोरीजस्ता घटनासमेत हुने भएकाले सचेत रहन आग्रह गर्दै कोशी प्रदेशमा अधिकांश बालबालिका र युवायुवतीहरु लागुऔषध दुर्व्यसनमा फस्दै गएकाले प्रहरीले मात्रै नियन्त्रण गर्न नसक्ने हुँदा समुदायले पनि विशेष चासो राख्नुपर्ने डीआईजी खनालले बताए ।

१ लाख रूपैयाँ घुससहित इन्जिनियर पक्राउ

दमक/ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले मलंगवा नगरपालिकाका एक इन्जिनियरलाई १ लाख रूपैयाँ नगदसहित पक्राउ गरेको छ ।

नगरपालिकाको प्राविधिक शाखामा कार्यरत इन्जिनियर डिकेश यादवलाई मंगलबार साँझ पक्राउ गरिएको हो । स्रोतका अनुसार नक्सा पास गरिदिने भन्दै सेवाग्राहीसँग रकम मागेको सूचना पाएपछि अख्तियारको टोली नगरपालिकामा पुगेको थियो ।

सोही क्रममा यादवलाई सेवाग्राहीबाट १ लाख रूपैयाँ लिँदै गरेको अवस्थामा पक्राउ गरिएको स्रोतले जनाएको छ ।

सुरक्षित यात्रा गरौ

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !

आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com